# शारदा नगरपालिकाको

## नगर सभाको ०५ औं अधिवेशनमा प्रस्तुत

## आ.व. २०८०।०८२ को

# बजेट वक्तव्य

प्रस्तुत कर्ता :- उप-प्रमुख श्री सुस्मिता सापकोटा सुनार

२०८१ आषाढ ०७ गते

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, दिदीबहिनी तथा दाजुभाईहरु !**

राजनैतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने शहिदहरुप्रति सम्मानका साथै हार्दिक श्रद्धान्जली तथा यस क्रममा भएका घाइते, अपाङ्ग शहिद परिवार, वेपत्ता नागरिक र तीनका परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु। स्थानीय निर्वाचन २०७९ पश्चात तेस्रो पटक यस नगरपालिकाको बजेट प्रस्तुत गर्न गइरहेकी छु । जिल्लाको सदरमुकाममा रहेको नगरपालिकाको उपप्रमुखको हैसियतले आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्ने अवसरका लागि गौरव महशुस गरेकी छु। यस नगरपालिकाको भौगोलिक विषमता, जातिय विविधता, जनताका आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं आइपर्न सक्ने विपद् समेतलाई दृष्टिगत गरी यो आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण गरेकी छु । यस नगरपालिकाका श्रद्धय प्रमुखले पेश गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई मार्गदर्शन मान्दै आर्थिक वर्ष २०८१/८२ को आय-व्ययको विवरण सार्वजनिक गर्न चाहन्छु।

**सर्वप्रथम,**

**म चालु आ. व. २०८०/०८१ को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत उपलब्धी) प्रस्तुत गर्न चाहन्छुः**

**<u>कृषि तथा पशुपंछी</u>**

यस चालु आ.व. मा **कृषि बिकास तर्फ** १० वटा नयाँ व्यवसायिक कृषि फर्म र १६ वटा कृषक समुह दर्ता भएका छन्। **धान बाली प्रवर्धन कार्यक्रममा** १३ वटा मीनिटिलर ट्र्याक्टर, २२ वटा ह्याड स्प्रे टंकी, १७ वटा हिल्याउने चक्का, १९९७ के.जि. मसिनो जातको धानको बिउ, ४८ वटा त्रिपाल वितरण र ४०० माटोको नमुना परिक्षण गरिएको छ । ३० जना कृषकहरुलाई बेमौसमी तरकारी खेति विषयक तालिम प्रदान गरिएको छ। **निशुल्क च्याउको विउ वितरण कार्यक्रम**मा ७ जना व्यवसायिक कृषकहरुलाई च्याउ खेति सम्बन्धी तालिम प्रदान र ८०० पोका च्याउको विउ वितरण गरिएको छ। **मिनिटिलर सञ्चालन तथा मर्मत सम्बन्धी ३ दिने तालिम सञ्चालन तथा व्यवस्थापन** कार्यक्रममा ३० जना मिनिटिलर प्रयोग गरि रहेका कृषकहरुलाई मिनिटिलर सञ्चालन



प्रकाश भण्डारी
नगर प्रमुख

तथा मर्मत सम्बन्धी तालिम प्रदान गरिएको छ । **खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान** अन्तर्गत मकैको १५०० के.जी. र गहुँको १८०० के.जी. बिउ कृषकहरुको माग अनुसार वितरण गरिएको छ । **कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम** अन्तर्गत ६७५ जना विपन्न कृषकहरुलाई तरकारी बालीहरुको मिनीकिट वितरण गरिएको छ । वडाका कृषि प्राविधिकहरुलाई क्षमता अविवृदि तालिम प्रदान गरिएको छ । १५ वटा बाँसको प्लाष्टिक घर निर्माण भएका छन् । १८ जना व्यवसायिक कृषकहरुलाई तरकारी खेतिको क्षेत्रफल र फलफूल बोटको आधारमा २०,००० का दरले प्रोत्साहन रकम प्रदान गरिएको छ । सुन्तलाजात फलफूलको बगैंचा व्यवस्थापन गर्ने उद्येश्यले वडा नं. ५, ७, १० र ११ का २७ जना कृषकहरुलाई आधारभुत तालिम र आवश्यक कृषि सामग्री वितरण गरिएको छ ।

पशु स्वास्थ्य सेवा तर्फ यस आ व सम्म बाख्रा फर्म ३९, भैंसी फर्म ११, कुखुरा फर्म २०, बंगुर फर्म १०, माछा फर्म ४, कालिज फर्म १, घाँस फर्म १, मासु पसल ११ र डेरी तथा वेकरी उद्योग ४ वटा दर्ता भएका छन् । त्यसैगरी बाख्रापान समूह १५, भैंसीपालन समूह ३ र कुखुरापालन समूह १ दर्ता रहेका छन् । साथै यस आ व मा पशुको औषधी उपचार संख्या २९०००, भ्याक्सिनेशन ४८०००, घाँसको बीउ प्राप्त गर्ने किसान संख्या ४०० र कृतिम गर्भाधान संख्या ८४ रहेको छ ।

## सहकारी, वित्तीय संस्था तथा गै. स. स.

यस आ. व. मा २ वटा नयाँ सहकारी दर्ता भएको छ । सूचीकृत हुन आउने सहकारी संख्या १० रहेका छन् । नगरपालिकाभित्र ४४ वटा गैर सरकारी संस्था क्रियाशील रहेका छन् ।

## उद्यम विकास

संघीय सरकारको उद्यमशीलता प्रवर्धन सम्बन्धी परियोजनाबाट नयाँ उद्यमी सृजना कार्यक्रम रकम अभावका कारण हुन नसकेको, एडभान्स सिलाई कटाई १७ जना, प्रविधि हस्तान्तरण कार्यक्रमबाट ५ जना तथा साझा सुविधा केन्द्रबाट ११ जना लाभान्वित भएका छन् ।

## प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार

आ. व. २०८१/८२ का लागि ३८५६ जना वेरोजगार सूचीमा सूचीकृत भएका छन् । यस आ. व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत १५ वटा आयोजना संचालनमा आएका छन् जसको आयोजना



प्रकाश भण्डारी
नगर प्रमुख

लागत रकम रु ७२ लाख ६० हजार रहेको छ। त्यसैगरी मूख्यमन्त्री रोजगार कार्यक्रम मार्फत १५ वटा आयोजना संचालनमा आएका छन् जसको आयोजना लागत रकम रु२ करोड २५लाख रहेको छ। रोजगार सेवा केन्द्रमा ३ जना जनशक्ति पदपूर्ति भएको छ । श्रम स्वीकृती सहजीकरण शारदा नगरपालिकाका विभिन्न वडाका गरि जम्मा - २२ वटा । वैदेशिक रोजगारीमा गई मृत्यु भएका परिवारलाई उपलब्ध गराईने आर्थिक सहायताका लागि सहजिकरण -२ वटा।

## शिक्षा, युवा तथा खेलकुद

१. नगरपालिकाको बार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक कार्यक्रम सञ्चालन गरिएको,

२. विद्यालय अनुगमन, सुपरिवेक्षण तथा पेशागत सहयोगको लागि ६८ वटा विद्यालय अनुगमन

३. विद्यालय नक्साङ्कन तथा दरवन्दि मिलान (१३ वटा विद्यालय कक्षा घटाइएको, २६ जना शिक्षकहरुको दरवन्दी मिलान गरि व्यवस्थापन गरिएको),

४. नगर स्तरीय दोस्रो पढाइमेलामा नगर भित्रका सामुदायिक र संस्थागत गरी जम्मा ६८ वठा विद्यालायका शिक्षक कर्मचारी विद्यार्थी र अभिभावकहरु गरी लगभग २५०० जनाको सहभागिता रहेको

५. सल्यान साहित्य मेला सञ्चालन जसमा साहित्यकार, कवि, कर्मचारी लगायत ५०० जना सहभागि रहेको

६. विद्यालयका शिक्षक तथा कर्मचारीहरुको लागि तालिमहरु प्रदान गरिएको (ReAL Plan कार्यान्वयन ७५ जना, IEMIS अद्यावधिक ३५ जना, ICT को कक्षाकोठाका प्रयोग सम्बन्धि ३५ जना, कक्षा ५, ८ र १० को पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिममा ४५ जना )

७. रुम टु रिड संगको साझेदारीका विस्तार ढाँचामा १५ वटा विद्यालयहरुमा साक्षरता कार्यक्रम सञ्चालन

८. कक्षा ५ मा ७५० जना र कक्षा ८ मा ७०० जना विद्यार्थीहरुको लागि नगर स्तरीय वार्षिक परीक्षा सञ्चालन

९. नगर पालिकाबाट ३ जना शिक्षकको व्यवस्थापन तथा करार शिक्षक भर्ना



प्रकाश भण्डारी
नगर प्रमुख

१०. सामुदायिक माध्यमिक तहका विद्यालयहरुमा २ वटा विज्ञान ल्याब र १ वटा पुस्तकालय व्यवस्थापन गरिएको

११. शैक्षिक शत्र २०८१ मा जम्मा विद्यार्थीहरु १११६५ अध्यनरत रहेको (छात्रा ५३५२ र छात्र ५८०९ जना)

१२. शिक्षासंग सम्बन्धित कार्यविधिहरु: दरबन्दी मिलान, नगर शिक्षक व्यवस्थापन, खेलकुद शिक्षक व्यवस्थापन, संस्थागत विद्यालयहरु सञ्चालन तथा व्यवस्थापन, प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

१३. नगर भित्रका १५ वटा वडाहरुमा २५ वटा अभिभावक शिक्षा कक्षा सञ्चालन

१४. पालिका स्तरीय छैठौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सञ्चालन जसमा १५ वटा माध्यमिक तहका विद्यालयका ९५० जना विद्यार्थीहरुको सहभागिता

१५. चौधौं जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा जिल्लामै तृतीय स्थान प्राप्त गर्न सफल

१६. जिल्लामै पहिलो पटक पालिका स्तरीय शारदा मेयर कप T-20 क्रिकेट प्रतियोगिता सञ्चालन

**स्वास्थ्य**

यस आ. व. मा यस आ.व.मा ओपिडि सेवा ३१३७४, महिलाहरुको पाठेघरको क्यान्सरको स्क्रिनिङ क्याम्प २ स्थान वडा नं. ७ र ९ मा संचालन लाभान्वित ६८ जना, आँखा शिविर ७ वटा स्वास्थ्य संस्थामा संचालन ७३७ जनाको जाँच ९४ जनाको शल्यक्रिया भएको । असक्त तथा विपन्न ब्यक्तिहरुलाई उपचार आर्थिक सहयोग १६१४६७ प्रदान, कडा रोगी २८ जना लाई संघ सरकारबाट सोधभर्ना हुनेगरि रु.१५,२०,०००।- उपचार खर्च प्रदान। ४२ जना आमाहरुलाई आमासुरक्षा कार्यक्रम अन्तरगत रु.१,१७,६००।- यातायात र प्रोत्साहन प्रदान, आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण ५ वटा र २ वटा शहरि स्वास्थ्य क्लिनिक भवन निर्माण सम्पन्न भएको छ । मानसिक स्वास्थ्य सेवा ३ वटा स्वास्थ्य संस्था स्वास्थ्य चौकीः मार्के,कजेरी र स्यानिखाल बाट ।



प्रकाश भण्डारी
नगर प्रमुख

## महिला, बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण

यस आ व मा अपाङ्ग परिचयपत्र वितरण २९ जना, छोरी बीमाको लागि १३३ जना को खाता खोलिएको, शारदा नगरपालिकाको वडा नं ४ मा २ महिने ब्युटिसियन तालिम संचालन १५ जना लाभान्वित, अपाङ्ग दिवसको अवसरमा दृष्टिविहिन अपाङ्गता भएका बालबालिकालाई न्यानो कपडा वितरण गरिएको १२ जना लाभान्वित, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विद्यालयस्तर र समुदायस्तरमा अभिमुखिकरण सम्पन्न गरिएको, लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण (GESI audit) परीक्षण सम्पन्न भएको, नगरपालिका भित्रका महिला उद्यमिहरुको प्रोफाइल निर्माण गरी महिला उद्यमिहरुलाई कर साक्षरता र वित्तिय साक्षरता सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा

यस आ. व. मा व्यक्तिगत घटना दर्ता वा पंजीकरण संख्या १५९७ रहेको छ। तेस्रो चौमासिकसम्ममा सामाजिक सुरक्षा भत्ता वितरणबाट ६३६८ जना लाभान्वित हुनका साथै रकम रु. ९ करोड ९८ लाख ७० हजार वितरण गरिएको छ।

## सुरक्षित आप्रबासन (सामी ) कार्यक्रम

सामी कार्यक्रम अन्तर्गत बैदेविक रोजगारीमा जाने सम्भावित कामदार, बैदेशिक रोजगारीमा रहेका कामदार, बैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरुलाइ लक्षित गरी निशुल्क परामर्श सेवा, निशुल्क सीप तालिम, कानुनी सहजीकरण, मनोसामाजिक परामर्श सेवा र वित्तीय साक्षरता लगायतका कार्यक्रम संचालन गरिरहेको छ। यस आ. व. २०८०/८१ मा **सूचनामा पहुँच तर्फ** व्यक्तिगत तथा सामूहिक परामर्श सेवा जम्मा,१०३३ (महिला २९७ ), रिटर्नी स्वंसेवक परिचालन सूचना आदान प्रदान १७५२, समुदाय अभिमुखीकरण कार्यक्रम ४ रहेका छन्। **न्यायमा पहुँच तर्फ** आप्रवासी स्रोत केन्द्रमा दर्ता भएका समस्या १४, समाधान भएका समस्या ७, प्रक्रियामा



प्रकाश भण्डारी
नगर प्रमुख

रहेका समस्या ७ र ठगी सम्वन्धि समस्या ३ रहेका छन् । **सीप विकास तालिम तर्फ** सीप विकास तालिमका लागि सिफारिश गरियको संख्या ४ तथा **मनोसामाजिक परामर्श तर्फ** पहिचान गरिएका मनोसामाजिक समस्या ३३ (५- पुरुष), समाधान भएका १४, सेवा चालु रहेको १९ छ । साथै **वित्तीय साक्षरता** जम्मा संचालनभयको कक्षा ४ समूह र सहभागी संख्या १०० (महिला ९८ र पुरुष २) रहेका छन् ।

**पूर्वाधार विकासः सडक, सिंचाई, खानेपानी, भवन तथा तटबन्ध निर्माण**

आर्थिक वर्ष ०८०।०८१ मा नगरपालिका भित्र कालो पत्रे सडक ७६० मिटर, आर. सि. सि. सडक १,३३० मिटर र नयाँ ट्र्याक १८,८७० मिटर निर्माण भएको छ । यसै गरी खानेपानी तर्फ पाईप लाईन विस्तार २५०० मिटर भएको छ । साथै विभिन्न कार्यालय भवन÷विद्यालय भवन ५ वटा, बसपार्कमा २ वटा ब्यापारिक भवन, ३७ वटा कोठाको पसल कोठाहरु र १ वटा टिकट काउन्टर निमार्ण भएको छ । यसै गरी तटबन्ध निर्माण १०१ मिटर, २ वटा मन्दिर निर्माण, १३ वटा प्रतिक्षालय र चौतारा निर्माण, पक्की नाला ३७१९ मि र पक्की पर्खाल ६९७ मिटर निमार्ण भएको छ । यसै गरी घर नक्सा तर्फ नयाँ घर नक्सा पास १५ र पुरानो अभिलेखीकरण ३४ वटा भएका छन् ।

**योजना शाखा**

आ.व.२०८०।०८१ मा सञ्चालित आयोजना/कार्यक्रमहरुः-

| सि.नं. | प्रक्रिया | सम्झौता संख्या | २ लाख भन्दा कम आयोजना/कार्यक्रम | २ लाख भन्दा बढी आयोजना/कार्यक्रम | भुक्तानी संख्या | बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समितिबाट सञ्चालित | १२६ | १०२ | २४ | ९६ | ३० | |
| २ | कोटेशनबाट सञ्चालित | १४ | --- | --- | ५ | ९ | |
| ३ | ठेक्का (टेन्डर) बाट | १२ | --- | --- | २ | १० | |



प्रकाश भण्डारी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सञ्चालित | | | | | | |
| ४ | कार्य-आदेशबाट सञ्चालित/सम्पन्न | ७८ | --- | --- | --- | --- | |

**सुरक्षित नागरिक आवास**

खरको छानो परिवर्तन गरी टिनको छाना निर्माणका लागि २०५ लाई रु. २०,०००। (पचास हजार) का दरले रकम उपलब्ध गराइएको छ । आगामी आ. व. का लागि १५० जनाको प्रक्रिया अगाडि बढेको छ ।

**उर्जा विकास**

पुराना काठका पोलहरु विस्थापन र नयाँ स्थानमा विद्युत लाइन विस्तारका लागि यस आ. व. मा विद्युतीय पोल २८५ खरिद भएको छ । श्रीनगर बसपार्कमा छरिएर रहेका विद्युतका पोलहरु तथा ट्रान्सफर्मरलाई व्यवस्थित गरिएको छ । प्रसुती सेवा प्रदान गरिरहेका ४ वटा स्वास्थ्य चौकीमा Hybrid Inverter जडान गरिएको छ । उर्जा विकास कार्यालय, सल्यानको सहयोगमा २३ वटा तथा नगरपालिका आफैले २० वटा पोल सहितको सोलार बत्ती जडान भएको छ । श्रीनगर बजारमा हाइमस लाइट जोडिएको छ । नगरपालिका क्षेत्रभित्र पहिले जडान भएका सोलार बत्तीहरुको मर्मत कार्य जारी छ ।

**नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (NCCSP -2)**

भगवति खोला तटबन्धन शा.न.पा -१ लाभान्वित संख्या ३०० घरधुरी तथा ब्युतारो कुलो निर्माण आयोजना शा.न.पा-७ लाभान्वित संख्या २५ घरधुरी रहेको छ ।

**विपद् व्यवस्थापन**

यस नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको छ । स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणको चरणमा रहेको छ भने स्वास्थ्य संकट तथा विपद् प्रतिकार्य योजना निर्माण भई कार्यान्वयनमा रहेको छ ।



प्रकाश भण्डारी
नगर प्रमुख

## फोहरमैला व्यवस्थापन कार्यक्रम

आ.व.२०८०/०८१को संघीय सरकारद्धारा हस्तान्तरित कार्यक्रम (विशेषअनुदान) अन्तर्गत ट्र्याक्टर खरिद तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरियो । यसैगरी शहरमा व्यवस्थित डस्टविन, फोहर उठाउदा आवश्यक सुरक्षित सामाग्री प्रक्रिया अगाडि बढेको छ । हरित शहर निर्माण कार्य अगाडि बढेको छ ।

## सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन

तालिम तथा अभिमुखीकरण (स्वास्थ्य २, शिक्षा ६, कृषि तथा पशु ६ राजश्व सुधार योजना गोष्ठी १, खानेपानी अनुगमन तथा अन्तर्क्रिया ५) , जनशक्ति परिचालन २२३ (महिला १०९, पुरुष ११४, स्थायी ८१ र करार १४२), योजना अनुगमन ११३, कार्यनगरपालिका तथा नगरसभा बैठक संख्या १२+१, समिति बैठक संख्या १४, शाखा प्रमुख बैठक १०, वडा सचिव समन्वय बैठक संख्या ३, गै स स संगको समन्वय बैठक १, न्यायिक समितिका काम कारवाही (२६ बैठक, दर्ता भएका निवेदनको जम्मा संख्या २७, लगत सरि आएको  निवेदनको संख्या ७, फर्छयौट २७,  बाँकी ७ जिल्ला प्रशासन कार्यालय पठाएको १,  जिल्ला अदालतमा पुनरावेदन परेको मुद्दा संख्या ५), आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण (वेरुजुः प्रमाण पेश गर्नु पर्ने ७ करोड ९६ लाख, अनियमित ४ करोड ८८ लाख ४७ हजार, असुल गर्नु पर्ने १ करोड ४५ लाख र पेश्की वेरुजु ४ करोड ४८ लाख ५२ हजार), जिन्सी व्यवस्थापनमा PAMS लागु भएको ।

## सूचना प्रविधिः

यस आ. व. २०८०/८१ बाट शारदा नगरपालिकाका मुख्य बजार श्रीनगर,  खलंगा तथा बरला बजारमा डिजिटल डिस्प्ले बोर्ड जडान गरिएको छ । Bulk sms सेवा तथा डिजिटल नागरिक बडापत्रको कार्य सूरुवात गरिएको छ । दैनिक पालिकाको Website तथा Facebook page Update गर्नुका साथै पालिका, केही वडा तथा केही विध्यालयमा Digital Attendance जडान गरिएको छ । पालिकाका सम्पर्ण वडाहरुमा **QR Code** सहितको **GIS Map** को कार्य सुरुवात भैरहेको छ ।



प्रकाश भण्डारी
नगर प्रमुख

**राजश्व परिचालनः**

यस आ. व. २०८०/८१ को हालसम्म कुल राजश्व रु ९३ लाख ७५ हजार ६९३ संकलन भएको छ जसमा पालिकामा संकलन भएको रकम रु ४६ लाख ५१ हजार ६३० रहेको छ। सबैभन्दा बढी वार्ड नं १ ले रू १२ लाख ३३ हजार ३३२ राजश्व संकलन गरेको देखिन्छ। क्षेत्रको राजश्व सबैभन्दा बढी रहेको छ।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु**

**अब म आ. व. २०८१/०८२ को बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छुः**

(क) सोचः "सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी"

(ख) लक्ष्यः आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी न्यायपूर्ण तथा सुशासनयुक्त सभ्य समाज भएको समृद्ध नगरपालिका हुनेछ।

(ग) उद्देश्य

(१) व्यवसायीक कृषि, पशुपंक्षीपालन एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत कृषक, महिला एवम् यूवाहरुलाई आत्मनिर्भर बनाइ रोजगारी, आय–आर्जन र र जीविकोपार्जनका अवसरहरु प्रवद्र्धन गर्ने।

(२) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाइ, लक्षित वर्गको मुलप्रवाहीकरण, स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वद्र्धन, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरुलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाउदै मौलिकतामा आधारित विभेद रहित शारदा नगरपालिका निर्माण गर्ने।

(३) नगरपालिका भित्र गुणस्तरीय पूर्वाधारहरुको निर्माण, सहज यातायात, व्यवस्थित तथा योजनावद्ध आवास निर्माण तथा सूचना प्रविधिमा एक अब्बल र नमूनायोग्य नगरपालिका निर्माण गर्ने।

(४) प्राकृतिक स्रोत साधनहरुको संरक्षण तथा सम्बद्र्धन, जलाधार क्षेत्रको संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण तथा आन्तरिक स्रोत



प्रकाश भण्डारी
नगर प्रमुख

साधन र क्षमताको पहिचान गर्दै सोको व्यवस्थित र प्रभावकारी परिचालनका माध्यमबाट आन्तरिक क्षमता सुदृढ गर्ने ।

(५) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय प्रभावकारी बनाउदै पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासन संयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने देशकै अग्रणी स्थानीय तह बनाउने

**(घ) अपेक्षित उपलब्धीहरु:**

(१) कृषि तथा पशुपंछीका क्षेत्रमा आत्मनिर्भरता वृद्दि भई कृषि क्षेत्रमा रोजगारीको श्रृजना हुनेछ ।

(२) सतप्रतिशन भर्नादर कायम, विद्यालय शिक्षामा सबैको पहुँन वृद्दि हुनेछ ।

(३) स्वास्थ्य सेवा आम नागरिक समक्ष पुग्नुका साथै गुणस्तरीय स्वास्थ्य सेवामा वृद्दि हुनेछ ।

(४) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा सामाजिक बञ्चितिकरणमा परेका नागरिकलाई सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण हुनेछ ।

(५) गुणस्तरीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।

(६) सामुदायिक वन तथा सहकारीको सहकार्यमा साना तथा घरेलु उद्योगको स्थापना हुनेछ ।

(७) नागरिकमैत्री प्रशासनको स्थापना भई वडा तथा शाखाबाट छरितो सेवाप्रवाह हुनेछ ।

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यू, दिदीबहिनी तथा दाजुभाइहरु,**

अब म आगामी आ.व.को बजेट तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले अपनाएका आधारहरु यहाँ प्रस्तुत गर्न चाहन्छु ।

क. नेपालको संविधान (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८



प्रकाश भण्डारी
नगर प्रमुख

झ. नगरपालिकाका ऐन, नियम, निर्देशिकाहरु, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्धौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. नगरपालिको आवधिक योजना २०७९-८४

ढ. नगरपालिकाको मध्यमकालीन खर्च संरचना

ण. शारदा नगरपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

त. नगर कार्यपालिका तथा नगरसभाका निर्णयहरु

थ. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु।

द. शारदा नगरपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु।

**मुख्य आयोजना कार्यक्रमहरुको विवरणः**

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, दिदीबहिनी तथा दाजुभाईहरु**

अब म आगामी आ.व. २०८१/८२ को कुल बजेट र सोको क्षेत्रगत वितरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

आ.व.२०८१/८२ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चालु तर्फ रु. ५० करोड ६८ लाख ९७ हजार र पूँजीगत तर्फ रु. ३२ करोड ०३ लाख गरी कुल बजेट रु**. ८२ करोड ७१ लाख ९७ हजार** विनियोजन गरिएको छ।

**कृषि तथा पशुपंछी**

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई अर्थतन्त्रलाई गतिशील बनाईनेछ । कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरिनेछ। कृषकलाई मल, बीउ, कृषि सामग्री जस्ता उपयोगी सामानहरु सहलगनीका आधारमा वितरण गरिनेछ। स्थानीय रैथाने जातका बीउ वेर्नाको जगेर्ना गरिनेछ। कृषकका उत्पादनको संकलन तथा भण्डारणको व्यवस्था मिलाईनेछ। कृषि उत्पादन केन्द्र पकेट तोकि उत्पादनमा वृद्धि गरिनेछ। उन्नत विउ बालीको प्रयोगलाई बढावा दिईनेछ। माटो



प्रकाश भण्डारी
नगर प्रमुख

परीक्षण प्रयोगशाला स्थापना कार्यलाई प्राथमिकता दिइनेछ । पशु स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याउन कम्तीमा ३ वटा शिविर सञ्चालन गरिनेछ । पशुपालन कार्यलाई व्यवसायका रुपमा स्थापित गरी नागरिकको आयस्तरमा वृद्दि गरिनेछ । दुध तथा मासुमा यस पालिकालाई आत्मनिर्भर बनाई निकासी पैठारीलाई प्रवर्द्धन गरिनेछ । समग्र कृषि तथा पशुपंछी क्षेत्रका कार्यक्रम संचालन गर्न रु. १ करोड १७ लाख विनियोजन गरिएको छ ।

**सहकारी, वित्तीय तथा गै. स. स.**

यस नगरपालिका भित्र रहेका सहकारीहरुको नियमन, क्षमता विकास र प्रणाली विकासका लागि रु. ५ लाख विनियोजन गरेकी छु । युवा स्वरोजगार कोष तथा प्रदेश सरकारसंग सहकार्य गरी सहकारीहरुलाई उद्यमी र व्यवसायिक बनाइनेछ ।

**उद्यम विकास**

व्यावसायिक विकास सेवा प्रदायक संस्थाहरु माफर्त लघुउद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गरिनेछ । संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तानान्तरण गरिनेछ । स्थानीय कच्चा पदार्थ र जनशक्तिको उपयोगबाट सञ्चालन हुने उद्योग स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । उद्यमीहरुको आवश्यकता पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सिप विकास तालिम संचालन गर्न रु. ३५ लाख विनियोजन गरिएको छ ।

**पर्यटन विकास तथा संस्कृति प्रवर्धन**

यस नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्धन गरी दीगो पर्यटनका माध्यमबाट नागरिको आयस्तरमा वृद्दि गर्ने रणनीति अख्तियार गरिनेछ । पर्यटकीय पूर्वाधार सुधार, होमस्टे प्रवर्धन तथा होटेल व्यवसायीलाई तालिमको व्यवस्था गरिनेछ । धर्म संस्कृतिलाई पर्यटन क्षेत्रको विकाससंग जोड्दै आर्थिक क्षेत्रलाई गतिशिल बनाईनेछ । यसका लागि रु. १५ लाख विनियोजन गरिएको छ ।



प्रकाश भण्डारी
नगर प्रमुख

## शिक्षा

शिक्षा पाउनु सवै बालबालिकाहरुको अधिकार हो । गुणस्तर शिक्षामा सहज पहुंच, टिकाउपना र निर्धारित सिकाई सक्षमता हासिल गर्न र गुणस्तरीय शिक्षामा सवै वालवालिकाहरुको पहुँच सुनिश्चित गर्न शिक्षाका समग्र कार्यक्रमहरु संचालन गर्न कुल रु. २४ करोड ९२ लाख विनियोजन गरिएकोछ।

## स्वास्थ्य

आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्ने, सुरक्षित मातृत्व सेवालाई विस्तार र गुणस्तरीय बनाउन, औषधी खरिद गर्न, विभिन्न प्रकारका शिविर सञ्चालन र व्यवस्थित गर्न तथा स्वास्थ्य संस्थाहरुको निर्माण र मर्मत सम्भारका लागि रु. ५ करोड ८३ लाख विनियोजन गरिएको छ।

## खानेपानी

स्वच्छ र सफा पानी पिउन पाउनु नागरिकको संबैधानिक अधिकार हो । निकट भविष्यमा नगरपालिका भित्र निर्माण हुने वर्ल्ड बैंक तथा ३ सरकारले लगानी गर्ने खानेपानी आयोजनाका माध्यमबाट नगरवासी नागरिकलाई धारा वितरणका लागि रु. १४ करोड ८० लाख विनियोजन गरिएको छ।

## महिला, बालबालिका तथा समाज कल्याण

महिला बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैगिंक अल्पसंख्यकको तथ्याकं संकलन तथा अध्यावधिक गरिनेछ। यी वर्ग र क्षेत्रका व्यक्तिहरुको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर वनाईनेछ। जेष्ठ नागरिकलाई सम्मानका कार्यक्रमहरु संचालन गरिनेछ र वहाहरुको ज्ञान सिप र कौशलताको यथोचित प्रयोग गरिनेछ । समाजमा रहेका कुरिति कुप्रथा, वालविवाह न्यूनीकरण, लैगिक हिंसा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ। महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढिकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापना र संचालन गरिनेछ। यस पालिका अन्तर्गत एक लैगिंक हिंसा निवारण कोष स्थापना गरी आवश्यक रकम जम्मा गरिनेछ। उपर्युक्त कार्यक्रमहरु संचालन गर्न रु. २० लाख विनियोजन गरिएकोछ।

## पूर्वाधार विकास



प्रकाश भण्डारी
नगर प्रमुख

यस पालिका अन्तर्गत १५ वटै वडाको सन्तुलित विकासका लागि जनताको आवश्कता माग र चाहाना परिपुर्तिका लागि वडातर्फ रु. २ करोड २५ लाख र पालिका तर्फ रु. १ करोड, समपुरक कोष तर्फ रु. ५ करोड ५० लाख गरी जम्मा रु. ८ करोड ७५ लाख विनियोजन गरिएको छ । आ. व. २०८१/८१ मा श्रीनगर बसपार्कको पूर्वाधार निर्माण सम्बन्धीको काम अधिकत सम्पन्न हुनेछ । विकास निर्माणका कार्यमा जनताको प्रत्यक्ष सहभागिता हुन गै विकासको प्रतिफलमा समन्यायिक पहुँच हुनेछ र यसबाट सम्पन्न आयोजनाहरुप्रति अपनत्व कायम हुन गई आयोजनाको दिगोपना सुनिश्चत भएको हुनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

शारदा नगरपालिका वर्षायाममा वाढीको उच्च जोखिममा रहने र यसको प्रत्यक्ष असर राप्ती किनाराका वस्तीमा पर्न जाने भएकाले तटवन्धन, वृक्षारोपण जस्ता रोकथाम तथा राहत उद्धारका कार्यक्रम संचालन गरिनेछन । विपद्को क्षेति न्यूनीकरण गर्न र यसको स्थायी समाधानका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरी स्रोत पहिचान र परिचालन गरिनेछ । यसरी समग्र विपद् व्यवस्थापनका लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

## वैकल्पिक ऊर्जा

स्वस्थ नागरिक समृद्धिको आधार भन्ने अवधारणालाई साकार रुप दिन जनताको दैनिक जीवनमा प्रयोग हुने परम्परागत चुल्हो काठ दाउरावाट खाना पकाउने अवस्थावाट मुक्त गर्न सुधारिएको चुल्हो, वायोमास प्रविधि जडान, सौर्य उर्जा प्रविधि जडान, वायोग्यास जडान गरी आधुनिक उन्नत प्रविधि प्रयोगमा ल्याईनेछ । यसका लागि रु. ८ लाख विनियोजन गरिएको छ ।

## सुशासन तथा संस्थागत विकास

**म भ्रष्टाचार गर्दिन, हुन पनि दिन्न** भन्ने नारालाई सार्थक रुप दिन सेवाग्रहीमैत्री वातावरण सृजना गरी जनताको घरदैलोमा सेवा प्रदान गरिनेछ । नगरपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापलाई पारदर्शी बनाईने छन् । भ्रष्टाचार नियन्त्रण पारदर्शिता शुसासनका माध्यमवाट विकास निर्माणका कार्यहरुमा जनताको अधिकाधिक सहभागिता प्रर्वद्धन गरिनेछ । सेवा प्रवाहका लागि चुस्त र संक्षम प्रशासनिक संयन्त्रको आवश्यकता पर्न जान्छ । सेवा प्रवाहकाको नया प्रविधि तथा अवधारणासंग परिचित गराउन कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका तालिम संचालन गरिनेछन । कर्मचारीको मनोबल उच्च राख्दै जनताको सेवकको रुपमा रहन उत्प्रेरित गरिनुका साथै प्रोत्साहानका कार्यक्रमहरु



प्रकाश भण्डारी
नगर प्रमुख

संचालन गरिनेछन । उपर्युक्त क्रियाकलापका अतिरिक्त कर्मचारीको तलव भत्ता प्रशासनिक खर्च लगायतका लागि रु. १४ करोड ६ लाख ९७ हजार विनियोजन गरीएको छ ।

**न्यायिक समिति तथा मेलमिलाप केन्द्र स्थापना**

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको काम कारवाहीलाई व्यवस्थित, नागरिकमैत्री तथा सूचना प्रविधियुक्त बनाई न्यायिक निरोपण कार्यलाई छरितो र चुस्त बनाइनेछ । मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम, कर्मचारीको क्षमता वृद्दि तालिम तथा समग्र प्रशासनिक खर्च लगायतका लागि रु. १० लाख विनियोजन गरिएको छ ।

**सूचना प्रविधिको विकास र विस्तार**

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी गुणस्तरीय भरपर्दो र विश्वसनीय बनाउन सूचना प्रविधिको उपयोग अधिकतम गरिनेछ । नगरपालिका भवन, वडा भवन स्वास्थ्य सेवा केन्द्र भवन तथा सार्वजनिक स्थानहरुमा सिसि क्यामेरा जडान गरिनेछ । ई हाजिरीलाई सम्मूर्ण कार्यालयहरुमा अनिवार्य गरिनेछ । यसका लागि रु ३५ लाख विनियोजन गरिएको छ ।

**समपुरक कोष**

संघ र प्रदेश सरकारको साझेदारीमा समुदायस्तरमा आवश्कता पहिचान गरी प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु संचालन गर्न रु. ५ करोड ५० लाख विनियोजन गरिएको छ ।

**विशेष कोष**

यस नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि संघीय सरकारको विशेष अनुदान सहयोगमा रु. १ करोड ५० लाख विनियोजन गरिएको छ ।



प्रकाश भण्डारी
नगर प्रमुख

शारदा नगरपालिका
नगरपालिकाको कार्यालय
खलङ्गा, सल्यान

**सभाध्यक्षज्यू, सभा सदस्यज्यूहरु, दिदीबहिनी तथा दाजुभाईहरु**

अब म, संघीय तथा कर्णाली प्रदेश सरकार र आन्तरीक श्रोतबाट प्राप्त अनुदानवाट कार्यान्वयन हुने आय र व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छुः

**अनुमानित आय र व्ययको श्रोत व्यवस्थापनः**

**आ.व. ०८१।०८२ को आय- विवरण**

| क्र.सं. | विवरण | अनुमानित रकम (रु. हजारमा) | अनुमानित रकम (रु.मा ) |
|---|---|---|---|
| १ | भूमि तथामालपोत कर | १५०० | |
| २ | व्यवसाय कर | ५०० | |
| ३ | नक्सा पास दस्तुर | १५०० | |
| ४ | अन्यदस्तुर (अन्य कर पनि समावेश) | ३५०० | |
| ५ | अन्य सेवाशुल्क | ५०० | |
| ६ | घर बहाल कर | ३५०० | |
| ७ | दण्डजरिवाना तर्फ | ५०० | |
| ८ | नाताप्रमाणित | ४०० | |
| ९ | व्यक्तिगत घटना दर्ता म्याद नाघेको | १०० | |
| १० | सिफारिस दस्तुर | ३५०० | |
| ११ | मालपोत कार्यालयबाट | ५००० | |
| १२ | नदीजन्यपदार्थको आय | १५०० | |
| १३ | वेरुजु | २५०० | |
| १४ | अन्य | २४०० | |
| १५ | अल्या | २०००० | |
| **जम्मा** | | **४००००** | |



प्रकाश भण्डारी
नगर प्रमुख

| क्र.सं. | विवरण | अनुमानित रकम (रु. हजारमा) | अनुमानित रकम (रु.मा ) |
|---|---|---|---|
| प्रदेश तथा संघबाट प्राप्त अनुदान | | | |
| १. | नेपालसरकार वित्तीय समानीकरण अनुदान | ११४९०० | |
| २. | नेपालसरकारबाट प्राप्त राजश्व बाडफाँड | ११७८०० | |
| ३. | प्रदेशसरकार वित्तीय समानीकरण अनुदान | १३३३३ | |
| ४. | प्रदेशसरकारबाट प्राप्त राजश्व बाडफाँड | ४४५८ | |
| ५. | शसर्त अनुदान- संघ | ४४६९१८ | |
| ६. | समपुरक अनुदान- संघ | १५००० | |
| ७. | विषेश अनुदान- संघ | १५००० | |
| ८. | शसर्त अनुदान- प्रदेश | ४५३८८ | |
| ९. | समपुरक-प्रदेश | १४४०० | |
| १०. | विषेश अनुदान- प्रदेश | ० | |
| ११. | आन्तरीक आय | ४०००० | |
| कूल जम्मा | | ८२,७१,९७ | |
| **आ.व. ०८१।०८२ को व्यय विवरण** | | | |
| १ | आर्थिक विकास | २७२०० | |
| २ | सामाजिक विकास | ४६७५०० | |
| ३ | पूर्वाधार विकास | १५१८०० | |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | २०००० | |
| ५ | संस्थागत विकास र सुशासन | १६०६९७ | |
| जम्मा रु | | ८२,७१,९७ | |



प्रकाश भण्डारी
नगर प्रमुख

| क्र.सं. | विवरण | अनुमानित रकम (रु. हजारमा) | अनुमानित रकम (रु.मा ) |
|---|---|---|---|
| | शाखागत | | |
| १ | शिक्षा | २४९२०० | |
| २ | स्वास्थ्य | ५३५०० | |
| ३ | कृषि | ६२५० | |
| ४ | पशु | ५४०७ | |
| ५ | महिला | २००० | |
| ६ | खानेपानी | १५००० | |
| ७ | सहकारी/संघस्स्था | ५०० | |
| ८ | वन तथा वातावरण | २००० | |
| ९ | विपद् | ५००० | |
| १० | सूचना प्रविधि | ५००० | |
| ११ | अध्ययन अनुसन्धान | ५००० | |
| १२ | स्वास्थ्य उपचार कोष | १५०० | |
| १३ | मर्मत संभार कोष | १००० | |
| १४ | उपप्रमुख कोशेली कार्यक्रम | २५० | |
| १५ | कार्यालय सञ्चालन | १४०६९७ | |
| १६ | वडागत | २२५०० | |
| १७ | भुक्तानी बाँकी परियोजना | १०००० | |
| १८ | क्रमागत योजना | १०००० | |
| १९ | समपुरक आयोजनाहरु | ५५००० | |
| जम्मा रु. | | ८२,७१,९७ | |

**आदरणीय सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु, दिदीबहिनी तथा दाजुभाइहरु**

मैले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट को कार्यान्वयनबाट आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र संस्थागत



प्रकाश भण्डारी
नगर प्रमुख

विकास तथा सुशासन प्रवर्धन भई नागरिकको सरकार प्रतिको भरोसा र विश्वास स्थापना हुनेमा ठोस योगदान पुग्ने अपेक्षा गरेकी छु ।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी राय सल्लाह सुझाव प्रदान गर्नु हुने संघ तथा प्रदेशका माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, सल्यान उद्योग बाणिज्य महासंघ, घरेलु महासंघ, बैंक/वित्तीय/सहकारीकर्मीहरु, निर्माण व्यवसायी, होटेल व्यवसायी, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता समूह, बाल/युवा सञ्जाल/आमा समूह/स्वास्थ्य स्वयं सेविका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक क्याम्पस, पत्रकार, शिक्षक, कर्मचारी, निजी क्षेत्र लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा,

यस नगरपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने सबै करदाता र कठिन अवस्थामा पनि हामीलाई निरन्तर सहयोग गर्ने गै.स.स. र साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेकी छु ।

धन्यवाद !

**सुस्मिता सापकोटा सुनार**

**उपप्रमुख**

**२०८१ असार ७ गते**



प्रकाश भण्डारी
नगर प्रमुख